# भगवानपुर गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
भगवानपुर, सिरहा
प्रदेश नं.२ नेपाल

फोन नः- ९८५२८३४९२१


पत्र सङ्ख्या: २०७८।०७९
चलानी नं.

मिति:२०७८।०८।०३

**उन्नत स्तरको गहुँको बीउ खरिद सम्बन्धि सिलबन्दी दरभाउ पत्र आहवानको सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०७८।०८।०३)**

भगवानपुर गाउँपालिका कृषि विकास शाखाको आ.व. २०७८।०७९ को स्वीकृत बजेटको **खाधान्न वालीको उन्नत बीउ उपयोगमा मुल्य अनुदान** कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा उन्नत स्तरको गहुँको विउ वितरण गर्ने प्रयोजनको लागि तपशिलमा उल्लेखित परिमाणको उन्नत स्तरको गहुँ बीउको सिलबन्दी दरभाउ पत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएको हुँदा उक्त कार्यको लागि इजाजत प्राप्त विउ उत्पादक कम्पनी बीउ, उत्पादक कृषक समुह, कृषक सहकारी तथा विउ कारोवार गर्ने सप्लायर्सहरुवाट निम्न शर्तहरुको परिधी भित्र रहि सिलवन्दी दरभाउ पत्र पेश गर्न प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तशरुः**

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनमा कार्यालय समय भित्र अनुमति दर्ता पत्र, आद्यावधिक नवीकरणको प्रमाणपत्र, मु.अ.कर दर्ताको प्रमाणपत्र आ.व. २०७७।०७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, बीउ परीक्षण प्रमाणपत्र संलग्न राखि लिखित निवेदन साथ रु. ३०००।- अक्षरेपी तिन हजार मात्र (फिर्ता नहुने गरी) दस्तुर एन.आइ.सि. एसिया बैंकमा रहेको आन्तिरीक राजश्व खाता नं. ०३६२०५६५००००२००१ मा जम्मा गरी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र फारम सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा सिलवन्दी गरी पेश गरि सक्नुपर्नेछ । यसरी रितपूर्वक प्राप्त हुन आएका सिलवन्दी दरभाउपत्रहरु सोही दिनको २ बजे दरभाउ पत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रहोबरमा खोलिनेछ । दरभाउपत्र वा नीजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ फारम खोल्न कुनै बाधा पर्नेछैन ।

३. दरभाउपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको लागतै कार्यालय खुलेको दिन अन्तिम दिन मानिने छ ।

४. दरभाउपत्र दाताले सिलवन्दी दरभाउपत्र जमानत रकम वापत रु. ६०,०००।- (अक्षरेपी साठी हजार मात्र) यस गाउँपालिकामा रहेको एन.आई.सि.एसिया बैंकमा रहेको धरौटी खाता नं ०३६२०५६५००००२००३ मा जम्मा गरेको सुक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले नेपाल राष्ट्र बैंकवाट स्वीकृति प्राप्त बैंक तथा वितिय संस्थावाट यस गाउँपालिकाको नाममा जारी भएको ७५ दिनसम्मको मान्य अवधि भएको विडखण्ड हुनुपर्नेछ ।

५. सिलवन्दी दरभाउपत्र फारम बाहिर दरभाउपत्र दाताले फर्मको नाम,ठेगाना, सर्म्पक नं. तथा विषय सपष्ट संग उल्लेख गर्नु पर्नेछ ।

६. दरभाउपत्र दाताले दररेट भर्दा अंक वा अक्षर दुवैमा स्पष्ट भर्नु पर्नेछ । अंक र अक्षरमा उल्ललेख गरेको दररेट फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ । दरभाउपत्र दाताले गहुँको जात अनुसार प्रति के.जि. कुन दर रेटमा उपल्वध गराउने सोको प्रति के.जी. दर रेट उपल्वध गराउनु पर्नेछ ।

७. एक पटक पेश भएको शिलवन्दी दरभाउपत्र फिर्ता वा शंसोधन गर्न सकिने छैन ।

८. रीत नपेगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउ उपर कुनै कारवाही हुने छैन ।

९. दरभाउपत्र फारममा दरभाउपत्र दाताको सहिछाप हुनु पर्नेछ ।

१०. आपूर्ति गरिने उन्नत जातका गहुँको बीउ प्रयोग गर्न सकिने अवधि अधिक्तम उत्पादित मितिवाट एक वर्ष सम्म हुनु पर्नेछ ।

११. दरभाउपत्र फारम संलग्न विवरण अनुसारको मालसामानहरु वृद्दि वा घटि परिमाणको सप्लाई गर्नु परेमा पनि कर्बाल अनुसारको मुल्यमा सप्लाई गर्नु पर्ने छ ।

१२. प्राप्त शिलबन्दी दरभाउपत्रहरु पुरा वा आधिक रुपमा स्वीकृत गर्ने वा सूचना नै रद्द गर्न सम्पूर्ण अधिकार यस कार्यालयलाई सुरक्षित राहने छ

१३. यस सम्बन्धमा थप कुरा बुझ्नु परेमा यस कर्यालयमा सर्म्पक राखि बुझ्न सकिनेछ ।

१४. दरभाउ पत्रमा उल्लेख भएको आपूर्ति भर्नुपर्ने उन्नतस्तरको गहुँको बीउ ढुवानी तथा लोड अनलोडको जिम्मा दरभाउ पत्र दाताको नै हुनेछ ।

१५. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. दरभाउपत्र दाता आ.व. २०७८।०७९ का लागि यस कार्यालयमा सुचिकृत भएको हुनु पर्नेछ ।

१७. आपूर्ति गर्नुपर्ने सामाग्री सम्बन्धी संक्षिप्त विवरण देहाय बमोजिम रहेकोछ ।

**तपसिलः**

**उन्नत स्तरको गहुँको बीउ सम्बन्धि विवरण**

| क्र.स. | गहुँको वीउ सम्बन्धि विवरण | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | गहुँको जात | विउको स्तर | उत्पादन वर्ष | उमार शक्ति | जातिय शुद्धता | भौतिक शुद्धता | विउमा | इकाई | आवश्यक परिमाण |
| १. | गौतम | उन्न्त | २०७७ | ९५% | १००% | ८५% | | ४० केजीको बोरा | ४०० बोरा |
| २. | विजय | उन्न्त | २०७७ | ९५% | १००% | ८५% | | ४० केजीको बोरा | २५० बोरा |
| ३. | एन.एल. | उन्नत | २०७७ | ९५% | १००% | ८५% | | ४० केजीको बोरा | २५० बोरा |
| ४. | भृकुटी | उन्न्त | २०७७ | ९५% | १००% | ८५% | | ४० केजीको बोरा | २०० बोरा |

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner